# मिति २०८० असार ७ गते बसेको मन्थली नगरपालिकाको कार्यपालिकाको १४ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो बैठकमा भएका निर्णय र सो सम्बन्धमा भएको कार्य प्रगतिबारे छलफल तथा समिक्षा गरियो । अघिल्लो बैठकका निर्णयहरु प्राथमिकताका साथ कार्यान्वयनका प्रक्रियामा रहेको पाईयो ।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८०/८१ प्रस्तावित नीति परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८०/८१ को प्रस्तावित कार्यक्रम तथा वजेट परिमार्जन सहित पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

**निर्णय नं. ४**

देहाय बमोजिमका विधेयकहरु पारित गरी आगामी नगरसभामा पेश गर्ने ।

क) नगरपालिकाको (कार्य व्यवस्थापन र सञ्चालन) विधेयक २०८०

ख) आर्थिक विधेयक २०८०

ग) विनियोजन विधेयक २०८०

**निर्णय नं. ५**

मन्थली नगरपालिका वडा नं. ५ मा सञ्चालित भ्यागुरेखोला खानेपानी आयोजनाको यस अगाडि गठित उपभोक्ता समितिले २०८० वैशाख १५ गतेसम्म कार्य सम्पन्न गर्ने गरी सम्झौता भई कार्यदिश प्रदान गरिएको, उक्त समितिले योजनामा प्रयोग गर्ने योजनास्थलमा ल्याएको पाईपका सम्बन्धमा विवाद भई मिति २०८० जेठ ९ गते मन्थली नगरपालिकाको अनुगमन समिति, जिल्ला प्रशासन कार्यालय, संघीय खानेपानी कार्यालयका प्रतिनिधी समेतको उपस्थितिमा भएका उपभोक्ता समुहको भेलामा सो समितिले पाईप प्रतिस्थापन गरी अर्को पाईप प्रयोग गर्नका लागि भेला

CamScanner

भएको मितिले सात दिन भित्र वडा कार्यालयको सिफारिस सहित कार्य अगाडि वढाउन प्रक्रियाको थालनी गर्ने प्रतिबद्धता जाहेर भएको, सो समयसीमा भित्र उपभोक्ता समितिबाट कार्यगत प्रक्रिया अगाडि नबढी वहुसँख्यक उपभोक्ता समितिका पदाधिकारीले राजिनामा गरेको, वडा कार्यालयको अग्रसरतामा उपभोक्ता समुहको मिति २०८० असार ६ गतेको भेलाले उक्त योजनाको काम सम्पन्न गर्न अर्को उपभोक्ता समिति गठन गरी सम्झौता र कार्यदिशका लागि नगरपालिकामा पेश गरेको सम्बन्धमा उक्त योजनाको लागत अनुमानमा उल्लेखित कार्य विवरण मध्ये नेपाल विद्युत प्राधिकरण रामेछापबाट सम्पादित हुने कार्य भन्दा वाहेकको विवरण उल्लेख हुने गरी लागत अनुमान संशोधन गरी संशोधित लागत अनुमान अनुसार उपभोक्ता समितिबाट निर्धारित समयभित्र कार्यसम्पादन हुने, निर्धारित समयभित्र कार्य सम्पन्न नभई भुक्तानी हुन नसकेमा सम्बन्धित उपभोक्ता समिति जिम्मेवार हुने तथा अर्को आ.व.मा यस योजनामा नगरपालिकाको कुनै पनि आर्थिक दायित्व सृजना नहुने गरी उपभोक्ता समितिसँग सम्झौता गरी कायदिश प्रदान गर्न र अघिल्लो उपभोक्ता समितिबाट उक्त योजनामा प्राविधिक लागत अनुमान बमोजिमको काम गरेको विल भरपाई पेश गरी प्राविधिकले चेक जाँच गर्दा उपयुक्त देखेको भनी सिफारिस पेश भएको आधारमा भुक्तानीको व्यवस्था मिलाउन नगरपालिकालाई निर्देशन दिने ।

**निर्णय नं. ६**

मन्थली नगरपालिकाको वालमैत्री आचारसंहीता २०८० र वालमैत्री स्थानीयकरण सूचक २०८० पारित गर्ने ।

**निर्णय नं. ७**

मन्थली नगरपालिकाको वडा नं. ३ र ४ को सिमानामा रहेको घ्याप्चेको पहिरोको कारण रणजोर खोलाको सतह बर्षेनी उकासिदो अवस्थामा रहेको, रणजोर खोलाको सतह उकासिदै गएको कारण खोला किनारका बस्ती र खेतीयोग्य जमिन जोखिममा रहेका, उक्त खोलाको बाढीले गर्दा सदरमुकाम मन्थली वजार समेत जोखिममा रहेकाले खोलाको सतह बढ्न नदिन वर्षायाम विशेष गरी असार, साउन र भदौ महिनामा संघीय सरकार र प्रदेश सरकारबाट जारी नदिजन्य पदार्थ संकलन र

उपयोग कार्यविधिको अधिनमा रही खोलाको बाढीले ल्याउने ढुंगा जनशक्ति प्रयोग गरी संकलन गर्न र संकलित ढुंगा निकासी गर्दा प्रदेश सरकारले तोकेको दररेट बमोजिमको कर संकलन गर्ने व्यवस्था मिलाउन जिल्ला समन्वय समिति रामेछाप र जिल्ला विपद् व्यवस्थापन समिति रामेछापमा सिफारिस गर्ने ।

**निर्णय नं. ८**

मन्थली नगरक्षेत्रभित्र महामारीको रुपमा देखा परेको लम्पी स्कीन डिजिजको नियन्त्रणका लागि अत्यावश्यक खोप खरिद गर्न देहाय बमोजिमको कार्यक्रमबाट देहाय बमोजिमको रकम रकमान्तर गरी आगामी नगरसभामा अनुमोदनका लागि पेश गर्ने ।

| सि.नं. | वजेट संकेत नं. | विनियोजित कार्यक्रम | विनियोजित वजेट | रकमान्तरित कार्यक्रम | रकम |
|---|---|---|---|---|---|
| १ | २८१ | एक वडा एक जोनोटिक रोग (रेविज) तथा स्थलगत परिजिवी नियन्त्रण तथा व्यवस्थापन कार्यक्रम | १३००००० | लम्पी रोग रोकथामका लागि आवश्यक खोप सहित ८ प्रकारका सरसामाग्री र व्यवस्थापन | २००००० |
| २ | २९७ | कृषक/समुह/समिति/सहकारीको लागि मागमा आधारित कार्यक्रम | ६००००० | | ३५०००० |
| ३ | १३८ | स्वच्छ दुध उत्पादन तथा गाईभैंसी पालन कृषकस्तर तालिम (छनौट भएका फार्म/कृषक २५ जना) | १५०००० | | १५०००० |
| ४ | २९० | व्यवसायिक बाख्रापालन तालिम | १५०००० | | १५०००० |
| | | जम्मा | | | ८५००००० |

हरिप्रसाद चापागाईं
प्रमुख प्रशासकीय अधिकृत